अनुसूची - २
(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड : ६ | संख्या : १२ | मिति : २०७९/१०/०७ |
|---|---|---|

भाग –१
चौरजहारी नगरपालिका

## चौरजहारी नगरपालिकाको उद्योग सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९

प्रमाणित मिति : २०७९/१०/११

**प्रस्तावना**

स्थानीय कच्चा पदार्थ र जनशक्तिको उपयोग, आयातप्रतिस्थापन र निर्यात प्रवर्धनमा जोड दिदै औद्योगिक वस्तु वा सेवाको उत्पादन र रोजगारीका रोजगारी सृजना गर्न चौरजहारी नगरपालिकामा उद्योगहरूको स्थापना तथा सञ्चालन, अनुमानयोग्य र प्रभावकारी व्यवस्थापन गरी गतिशील र सबल अर्थतन्त्र निर्माण, आन्तरिक राजश्वमा वृद्धि गर्नुका साथै सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा औद्योगिक वस्तु उत्पादन र विक्री वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम 'चौरजहारी नगरपालिकाको उद्योग सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९' रहेको छ ।

चौरजहारी नगरपालिका

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) नगरपालिका भन्नाले चौरजहारी नगरपालिकालाई जनाउँछ।

(ख) 'कार्यपालिका' भन्नाले चौरजहारी नगर कार्यपालिकालाई जनाउँछ।

(ग) 'प्रमुख' भन्नाले चौरजहारी नगरापालिकाको प्रमुखलाई जनाउँछ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले चौरजहारी नगर कार्यपालिकाको कार्यालय प्रमुखको रुपमा कार्य गर्ने कर्मचारीलाई जनाउँछ।

(ङ) 'कार्यकारी अधिकृत' भन्नाले उद्योग बोर्डको कार्यालयको कार्यालय प्रमुखलाई जनाउनेछ।

(च) 'उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्ड' भन्नाले यस ऐनबमोजिम चौरजहारी नगर कार्यपालिकाले गठन गरेबमोजिमको बोर्डलाई जनाउँनेछ।

(ज) 'उद्योग' भन्नाले चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत स्थापना गरिएका उद्योगलाई जनाउनेछ।

३. **उद्योग सञ्चालन :** (१) चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहत रहने गरी उद्योग सञ्चालन गर्नेछ।

(२) नगर कार्यपालिकाको कार्यालयले आफ्नो उद्देश्य, सक्षमता र आवश्यकतानुसार देहायका उद्योगहरू सञ्चालन गर्नेछ :

(क) फलफूलमा आधारित जुस उद्योग

(ख) वनपैदावारमा आधारित काष्ठ उद्योग

(ग) दुग्धजन्य उद्योग

(घ) एफ. एम. रेडियो सञ्चालन

(ङ) क्रसर उद्योग

(च) मसला उद्योग

(छ) गार्मेन्ट उद्योग

(ज) ड्राइफुड उद्योग

(झ) सार्वजनिक यातायात सञ्चालन

चौरजहारी नगरपालिका

(ञ) आलु चिप्स उद्योग

(ट) दाना उद्योग

(ठ) अन्य उद्योग

४. **उद्योग सञ्चालन स्थान र जमीन भाडामा लिन सक्ने :** (१) यस अघि उद्योग सञ्चालनका लगि निर्माण गरिएका संरचनाहरूको उपयोग गर्न चौरजहारी नगरपालिका-११ रुकुम (पश्चिम) मा कम्तिमा ४० वर्षका लागि भाडा सम्झौता गरी उद्योग सञ्चालन गर्नेछ ।

(२) जमीन, भवन र उपकरण भाडामा लिदा जिल्ला मालपोत कार्यालय रुकुम (पश्चिम) ले तोकेको न्यूनतम मूल्याङ्कन रकमको बढीमा १० प्रतिशतले हुन आउने रकमसम्म भाडा सम्झौता गर्न सकिनेछ ।

५. **उद्योग सञ्चालन बोर्डको स्थापना :** (१) उद्योग सञ्चालन र व्यवस्थापनसम्बन्धी नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन गर्न नगर कार्यपालिकाको निर्णयानुसार एक उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्ड गठन गरिनेछ ।

(२) बोर्डको कार्यालय चौरजहारी नगरपालिका-११ मा रहनेछ ।

६. **बोर्ड सङ्गठित संस्था हुने :** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीका निम्ति आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ त्यसका लागि नगर कार्यपालिकाको अनुमति लिनुपर्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

७. **बोर्डको गठन :** (१) बोर्डको गठन देहायबमोजिमको हुनेछ :

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर कार्यपालिकाले नियुक्ति गरेको एक जना – उपाध्यक्ष

(ग) नगर कार्यपालिका सदस्यहरूमध्ये कार्यपालिकाले तोकेको एकजना महिलासहित दुई जना – सदस्य

चौरजहारी नगरपालिका

(घ) उद्योगको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट उद्योग व्यापार वाणिज्य तथा उद्यमशीलताको क्षेत्रमा कार्य गरेको अनुभव प्राप्त गरेका व्यक्तिहरूमध्येबाट नगर कार्यपालिकाले छनोट गरेका एक जना – सदस्य

(च) समाजसेवी वुद्धिजीविहरूमध्येबाट अध्यक्षले तोकेको एक जना – सदस्य

(ङ) कार्यकारी अधिकृत – सदस्य सचिव

(२) दफा ६ बमोजिम गठित बोर्डका पदाधिकारीहरूको पदावधि चार वर्षको हुनेछ।

(३) बोर्डले आवश्यकतानुसार विज्ञलाई समेत बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निजहरूको पुन: नियुक्ति हुन सक्नेछ।

८. **पदमुक्त** : दफा ६ बमोजिम गठित बोर्डका पदाधिकारीहरू देहायको अवस्थामा पदमुक्त हुनेछ :

(क) सदस्यले अध्यक्ष समक्ष लिखित राजीनामा पेस गरी स्वीकृत भएमा।

(ख) निजको मृत्यु भएमा

(ग) भ्रष्टाचार गरेमा

(घ) अदालतबाट फौजदारी अभियोग प्रमाणित भएमा

(ङ) अध्यक्षले कार्यपालिका समक्ष लिखित राजीनामा पेस गरी स्वीकृत भएमा।

९. **उद्योग सञ्चालन बोर्डको काम, कर्तव्य र अधिकार :** उद्योग सञ्चालन बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) सुस्वस्थित ढङ्गले उद्योग सञ्चालनको लागि नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्थाको लागि उपयुक्त निर्णय गरी नगर कार्यपालिकामा पेस गर्ने।

(ख) उद्योग बोर्डको कार्यालयले गरेका निर्णयहरू अनुमोदन गर्ने।

(ग) मापदण्डअनुसारका भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, औजार तथा उपकरण व्यवस्था लगायतका कार्यहरू गर्न आवश्यक समन्वय, सहजीकरण र समन्वय गर्ने।

(घ) उद्योग बोर्डको सञ्चालनको लागि नगरपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने।

(ङ) उद्योग सञ्चालनबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरूको उचित सम्बोधन तथा व्यवस्थापन गर्ने।

कोशहरी नगरपालिका

(च) बोर्डको कार्यालयद्वारा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(छ) उद्योग सञ्चालन गर्न आवश्यक पर्ने जग्गा खरिद गर्न वा लिजमा लिन समन्वय र सहजीकरण गरी कार्यपालिकामा सिफारिस गर्ने ।

(ज) स्वीकृत उद्योग सम्बन्धी परियोजना कार्यान्वयन गर्न प्रचलित कानुनबमोजिम आवश्यक पर्ने अनुमति, इजाजत र स्वीकृतिका लागि नगरपालिकासँगको समन्वयमा सम्बन्धित निकायमा लेखी पठाउने ।

(झ) प्रत्येक आर्थिक वर्षको लागि आर्थिक वर्ष समाप्त हुनुभन्दा तीन महिना अघि बोर्डको बैठकमा बजेट तथा कार्यक्रम तयार पारी पेस गर्ने र पारित गर्ने गराउने ।

(ञ) बोर्डको बैठकबाट पारित बजेट तथा कार्यक्रमको जानकारी  नगर कार्यपालिकाको कार्यालयलाई दिने ।

(ट)  उद्योगबाट उत्पादित वस्तु र सेवाको वेचविखन गर्न ग्राहकको पहिचान र प्रोत्साहन गर्ने,

(ठ) उद्योग सञ्चालनको प्रवर्धन र सहजीकरणका  कार्य गर्ने ।

(ड)  सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने अनुदान रकम कार्यान्वनय  र उपयोगको निरीक्षण गर्ने ।

(ढ) अनुगमन तथा सहजीकरण समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन तथा लागू गर्ने।

(ट) गुणस्तरीय र सर्वसुलभ सेवाका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**१०. उपाध्यक्ष :** (१) बोर्डको कार्यकारी प्रमुखको रुपमा एक जना उपाध्यक्ष रहनेछ ।

(२) नगर कार्यपालिकाले तोकेको व्यक्ति बोर्डको उपाध्यक्ष हुनेछ ।

(३) बोर्डको उपाध्यक्ष पदको नियुक्ति र जिम्मेवारी नगर प्रमुखले दिनुपर्नेछ ।

(३) पैंतीस वर्ष उमेर पूरा भएको,

(४) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुन: नियुक्ति हुन सक्नेछ ।

(५)  उपाध्यक्षले बोर्डको अहित हुने काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारितापूर्वक नगरेमा कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउन अघि निजलाई सुनुवाइको अवसरबाट वञ्चित गरिने छैन ।

(६)  उपाध्यक्षको पारिश्रमिक, सेवाको सर्त तथा सुविधा बोर्डको निर्णय बमोजिम हुनेछ ।

**११. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) बोर्डको योजना, कार्यक्रम तथा बजेट स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

(ख) योजना, वार्षिक कार्यक्रम तयार गर्ने,

(ग) बोर्डको निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक अन्य कार्य गराउने,

(ङ) स्वीकृत रकम निकासा दिने

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**१२. बोर्डको बैठक सम्बन्धी व्यवस्था :** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) समितिको बैठक सम्बन्धमा समितिले आवश्यक मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

(३) समितिको बैठक दुई महिनामा कम्तिमा एक पटक अनिवार्य र आवश्यकताअनुसार जतिपटक पनि बस्नेछ।

(४) बैठकको गणपूरक सङ्ख्या ५१ प्रतिशत हुनेछ, मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) बोर्डको एक तिहाइ सदस्यहरूले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले अध्यक्षको स्वीकृति लिइ बैठक बोलाउनुपर्नेछ।

(५) बोर्डको सदस्य सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(६) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(७) बोर्डको निर्णय उपाध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णयमा उपस्थित सबै सदस्यले दस्तखत गर्नुपर्नेछ।

(८) बैठक सम्बन्धी अन्य व्यवस्था बोर्ड आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**१३. बोर्डको विघटन :** (१) कुनै मनासिव कारणबाट बोर्ड विघटन गर्ने गरी नगर कार्यपालिकाले निर्णय गरेमा बोर्ड विघटन हुनेछ।

(२) उद्योग सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारी हुने देखेमा नगर कार्यपालिकाले निर्णय गरी सर्तसहित कुनै सङ्घ संस्थालाई हस्तान्तरण गर्न सक्ने छ।

(३) उद्योग बन्द भइ बोर्ड विघटन समेत हुने अवस्था सृजना भएमा उद्योग बोर्डको कार्यालयको चल तथा अचल सम्पत्ती चौरजहारी नगरपालिकाको नाममा स्वत: कायम हुनेछ।

४. **समिति गठन गर्न सक्ने :** (१) बोर्डले आफ्नो कार्य सञ्चालनको लागि समावेशी हुने गरी आवश्यकतानुसार समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि बोर्डले तोकेबमोजिम हुनेछ।

१५. **मूल्य निर्धारण सम्बन्धी व्यवस्था :** (१) लागतका आधारमा बोर्डको बैठकले उद्योगबाट उत्पादित सामानको मूल्य निर्धारण गर्नेछ।

(२) मूल्य संशोधन गर्नुपर्ने अवस्था भएमा पनि बोर्डको बैठकले निर्धारण गरेबमोजिम हुनेछ।

१६. **पूर्ण स्वामित्त्व हुने** : (१) उद्योग बोर्ड चौरजहारी नगरपालिकाको पूर्ण स्वामित्त्वमा रहनेछ।

(२) उद्योग बोर्ड सञ्चालन व्यवस्थापनको लागि आवश्यक जनशक्ति, भौतिक संरचना, आर्थिक स्रोत लगायतको व्यवस्थाको लागि नगर कार्यपालिकाले सङ्घ, प्रदेश सरकार तथा गैरसरकारी संस्थाहरूसँग समेत आवश्यक समन्वय, सहकार्य र परामर्श गर्नेछ।

१७. **उद्योग सञ्चालन कोष खाता स्थापना** : (१) उद्योग सञ्चालन बोर्ड अन्तर्गत एक उद्योग सञ्चालन कोष रहनेछ।

(२) कोषको सञ्चालन बोर्डको उपाध्यक्ष, कार्यकारी अधिकृत र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(३) सफ्टवेयर प्रणालीमार्फत् कोषको सञ्चालन गरिनेछ।

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि सफ्टवेयर प्रणाली लागू नहुञ्जेल प्रचलित कानुनबमोजिम कोष सञ्चालन गर्न सकिनेछ।

(५) कोषको खाता सञ्चालन नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको बैङ्कमा हुनेछ।

(६) नगर कार्यपालिकाको कार्यालयको सिफारिस र दस्तखत नमुना कार्डको प्रमाणित प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

**१८. बिउँ पुँजी कोष** : (१) चौरजहारी उद्योग बोर्ड नाममा एक बिउँ पुँजी कोष खाता रहने छ।

(२) उपदफा (१) बमोजिमको कोषको खाता उपाध्यक्ष, कार्यकारी अधिकृत र सहलेखापालको संयुक्त दस्तखतबाट हुनेछ।

(३) नगर कार्यपालिकाको कार्यालयको सिफारिस र दस्तखत नमुना कार्डको प्रमाणित प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(४) बिउँ पुँजी कोष खातामा जम्मा भएको रकम ५ लाखभन्दा कम गराउन पाइने छैन।

(५) बोर्डले औचित्य खुलाइ निर्णय गरी उद्योग सञ्चालन कोष खातामा रकम ट्रान्सफर गरी खर्च गर्न सकिनेछ।

(६) बिउँ पुँजी कोषमा सङ्घ, प्रदेश र स्थानीय तहले बिउँ पुँजीको रुपमा अनुदान प्रदान गर्न सकिनेछ।

**१९. कोषको आम्दानी र खर्च सम्बन्धी व्यवस्था :** (१) उद्योग सञ्चालन कोषमा देहायबमोजिमको स्रोतबाट प्राप्त रकम जम्मा हुनेछ :

(क) सङ्घ सरकारबाट प्राप्त अनुदान

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

(ग) नगरपालिकाबाट प्राप्त अनुदान

(घ) उत्पादित सामानको बिक्रीबाट प्राप्त आय

(ङ) अन्य निकायबाट उद्योगको नाममा प्राप्त हुने सहयोग तथा अनुदान रकम

(च) अन्य जुनसुकै स्रोतबाट कानुनबमोजिम प्राप्त रकम

(२) उद्योग सञ्चालनका क्रममा उत्पादित सामानको बिक्रीबाट नाफाको १० प्रतिशत रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

(३) कोषमा जम्मा भएको रकम बोर्डको निर्णयबमोजिम खर्च गर्नुपर्नेछ।

(४) उद्योग सञ्चालन कोषको रकम देहायबमोजिम खर्च गर्न सकिनेछ :

(क) उद्योगबाट सामग्री उत्पादन र बजारीकरणका लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिद गर्न।

चौरजहारी नगरपालिका

(ख) प्रविधि विकास सम्बन्धी कार्यहरू नयाँ प्रविधि बारे प्रशिक्षण तथा प्रविधि हस्तान्तरण, नयाँ तथा आधुनिक प्रविधिका बारेमा नियमित प्रकाशन तथा सूचना सम्प्रेषण गर्ने कार्य, उद्योगका लागि उपयोग हुने नयाँ प्रविधिको अध्ययन तथा अनुसन्धान।

(ग) क्षमता विकाससम्बन्धी कार्यहरू नयाँ व्यवसायी सिर्जना, उत्पादन, बजार व्यवस्थापन, लेखा व्यवस्थापन लगायत आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन।

(घ) पूर्वाधार विकास सम्बन्धी कार्यहरु भवन, मेसिनरी औजार, खानेपानीलगायतका अन्य आवश्यक पूर्वाधार।

(ङ) उद्योग कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू इन्धन, मसलन्द, सवारी साधन र मेसिनरी औजार मर्मतसम्भार लगायतका खर्चहरु।

(च) तलबभत्ता सम्बन्धी खर्चहरू कर्मचारीहरूको तलब, महङ्गी भत्ता, पोसाकभत्ता, ज्यामीहरूको ज्यालालगायतको खर्च।

(छ) निर्मित संरचनाको मर्मत सम्भारसम्बन्धी खर्च।

(ज) अदालतको फैसलामा उद्योगले तिर्नु वा बुझाउनु पर्ने रकम।

(झ) नगरसभाबाट उद्योगको लागि स्वीकृत बजेट तथा कार्यक्रममा।

(ञ) सङ्घ तथा प्रदेश सरकारबाट उद्योगका लागि विनियोजित बजेट अनुसारको आयोजनाहरू ।

**२०. <u>सार्वजनिक खरिद गर्ने</u> :** (१) उद्योग कार्यालयले सङ्घीय सार्वजनिक खरिद तथा नियमावली, नगर कार्यपालिकाको सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित आर्थिक कार्यविधि कानुनबमोजिम सार्वजनिक खरिदसम्बन्धी कार्य गर्नुपर्नेछ।

(२) सार्वजनिक खरिदसम्बन्धी कानुनको पालना गर्नु कार्यालयको कर्तव्य हुनेछ।

**२१. <u>कारोबार लेखा</u> :** (१) उद्योगको कारोबार, आयव्ययको लेखा प्रणाली तथा खर्च शीर्षकको वर्गीकरण नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(२) उद्योगको आयव्ययको शीर्षकगत विवरण त्रैमासिक रूपमा नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ।

(३) आयव्ययको लेखा राख्ने जिम्मेवारी पाएको व्यक्तिले ठिकसँग लेखा नराखेको कारणबाट उद्योगको कार्यालयलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति भएमा त्यसरी पर्न गएको हानिनोक्सानी गर्ने कर्मचारीबाट असुलउपर गर्नुपर्नेछ ।

**२२. <u>आर्थिक वर्ष र आयको लेखा</u> :** (१) कार्यालयले प्रत्येक वर्ष साउन महिनाको १ गतेदेखि आगामी वर्षको असारमसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आयव्यय हिसाब राख्नुपर्नेछ ।

(२) कार्यालयले बोर्डको निर्णयानुसार दफा १५ को उपदफा १ बमोजिम व्यवस्था अवलम्बन गर्दा मुल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गीकरण गर्न सक्नेछ ।

(३) उद्योगको आयव्ययको लेखा बिलभरपाइ लगायत आवश्यक कागजात राख्ने काम उद्योगको रकम खर्च गर्न अधिकार प्राप्त अधिकारीको हुनेछ ।

(४) उपदफा ३ बमोजिम कागजात प्रमाणित गराइ राख्ने तथा राख्न लगाउने जिम्मेवारी कार्यकारी अधिकृतको हुनेछ ।

(५) उद्योगको काम कार्वाहीको वास्तविक स्थिति थाहा हुनेगरी मालसामानहरूको खरिद, बिक्री र उद्योगको नगद जिन्सी जायजेथा दायित्त्व आदिको विस्तृत विवरण स्पष्ट रुपमा खोलेको हुनुपर्नेछ ।

**२३. <u>लेखापरीक्षण</u> :** (१) उद्योग सञ्चालन कोषको त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण नगर कार्यपालिकाको कार्यालयले तोकेबमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

(३) लेखा प्रणाली दुरुस्त र लेखापरीक्षण गराउने प्रमुख दायित्त्व कार्यकारी अधिकृतको हुनेछ ।

(४) उपदफा (२) बमोजिम बेरुजु औल्याइएमा सम्परीक्षणका लागि नगर कार्यपालिकाको कार्यालयमार्फत् पेस गर्नुपर्नेछ ।

(५) लेखापरीक्षणको सिलसिलामा कार्यालयले लेखापरीक्षकले मागेको बखत जाँच्न दिनुपर्नेछ र निजले कैफियत उल्लेख गरेबमोजिम यथार्थ जवाफ सरोकारवालाले दिनुपर्नेछ ।

(६) उद्योगको आयव्ययको लेखा नगरपालिकाबाट खटाएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ यसरी जाँचबुझ गर्दा खटिइ आएको कर्मचारीले माग गरेको विवरण देखाउनु कार्यकारी अधिकृतको कर्तव्य हुनेछ ।

औरही नगरपालिका

**२४. सार्वजनिक सुनुवाइ गर्नुपर्ने :** (१) उद्योग्राम बोर्ड कार्यालयले चौमासिक रुपमा सरोकारवाला समक्ष कार्यप्रगति लगायतका विषयमा सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।

(२) सार्वजनिक सुनुवाइ गराउने प्रमुख दायित्त्व कार्यकारी अधिकृत र बोर्डको हुनेछ।

**२५. बोर्डको कार्यालय :** (१) बोर्डको एक छुट्टै कार्यालय हुनेछ।

(२) बोर्डले तोके बमोजिम कार्यालयको छुट्टै छाप र लेटरप्याड हुनेछ।

(३) कार्यकारी अधिकृत कार्यालयको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(४) कार्यालयले आवश्यक देखेमा बोर्डको स्वीकृति लिइ सल्लाहकार वा विशेषज्ञ समूह गठन गर्न सक्नेछ।

**२६. कार्यालयको काम, कर्तव्य र अधिकार :** बोर्ड कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) उद्योगसम्बन्धी आयोजनाहरूको पहिचान, सर्वेक्षण तथा कार्यान्वनयका लागि आवश्यक प्रशासकीय कार्य गर्ने।

(ख) औद्योगिक परियोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यमा सहजीकरण गर्ने।

(ग) बोर्डद्वारा स्वीकृत सर्तहरू तथा संलग्न सम्झौताका आधारमा आयोजना कार्यान्वनयका लागि आवश्यक कार्य गर्ने।

(घ) परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्ने।

(ङ) स्वीकृत परियोजना कार्यान्वनयका लागि नगरपालिकामार्फत् प्रदेश र संघ सरकारसँग समन्वय गर्ने।

(च) स्वीकृत परियोजना प्राप्त गर्ने आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने।

(छ) कुनै क्षेत्र वा परियोजनाका लागि उपलब्ध गराइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेस गर्ने।

(ज) परियोजना कार्यान्वनयको अनुगमन गर्ने तथा समय तालिकाबमोजिम परियोजना कार्यान्वनय नभएमा सो सम्बन्धमा आवश्यक कार्वाही गर्नका लागि बोर्ड समक्ष सिफारिस गर्ने।

(झ) कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेस गर्ने।

(ञ) लगानीको सुरक्षा तथा लगानी प्रवर्धनसम्बन्धी कार्य गर्ने।

गोरखा नगरपालिका

(ट) बोर्डले निर्णय गरी तोकिदिएका प्रशासनिक तथा अन्य कार्य गर्ने ।

**२७. बोर्डको कार्यालयमा रहने कर्मचारी दरबन्दी:** (१) बोर्डको कार्यालयमा कार्यकारी अधिकृत -१, मेकानिकल इन्जिनियर -१, फुड टेक्निसियन -१, लेखापाल / सहलेखापाल -१, प्रशासन सहायक -१, सुरक्षा गार्ड-३, कार्यालय सहयोगी -२ र हलुका सवारी चालक-१ लगायतको दरबन्दी रहनेछ ।

(२) बोर्डको कार्यालयका लागि आवश्यक पर्ने कर्मचारी पहिलोपटक नगर कार्यपालिकाको कार्यालयले विज्ञापन गरी उद्योगबोर्डबाट नै सेवा सर्त र सुविधा र अवकासको निर्णय समेत हुनसक्ने गरी छनोट र नियुक्ति दिइ पठाइदिनेछ ।

(३) कार्यकारी अधिकृतको हकमा २५ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको र अन्य कर्मचारीहरुको हकमा २० वर्ष पूरा भइ ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

(४) बोर्डमा थप कर्मचारी आवश्यक परेमा नगर कार्यपालिकाको कार्यालय र सोअन्तरगर्तका निकायमा मौज्दात् जनशक्तिलाई नगर कार्यपालिकाको कार्यालय र बोर्डको आपसी सहमतिमा खटाउन सक्नेछ ।

(५) खाइपाइ आएको तलबभत्तामा कमी नहुने गरी बोर्डको कार्यालयमा खटिए पश्चात् बोर्डबाट नै तलब भत्ता तथा सेवा सुविधा प्राप्त गर्ने गरी सुरक्षा गार्डका रुपमा नगर प्रहरीलाई खटाइनेछ ।

(७) दरबन्दी थपघट गर्नुपरेमा बोर्डको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

(८) उद्योगमा कामगर्ने आवश्यक मजदुरहरू बोर्डले निर्णय गरी दैनिक ज्याला तोकी काममा लगाउन सक्नेछ ।

**२८. कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था :** (१) उद्योग बोर्डको कार्यालय प्रमुखको रुपमा एक जना कार्यकारी अधिकृत रहनेछ निजको पारिश्रमिक र अन्य सुविधा बोर्डले तोकेबमोजिम हुनेछ ।

(२) कार्यकारी अधिकृतको योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, कानुन, इन्जिनियरिङ, शिक्षा, विकास सम्बन्धी विषयमा कम्तिमा स्नातक उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(३) देहायको व्यक्ति बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्ति हुन योग्य हुने छैन :

(क) भ्रष्टाचार, मानवबेचविखन, नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) प्रचलित कानुनबमोजिम कालो सूचीमा परेको अवधिभर

(ग) २५ वर्ष पूरा नभइ ४५ वर्ष नाघेको

(घ) मगज बिग्रेको

(४) उपदफा १ बमोजिम नियुक्त कार्यकारी अधिकृतका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) बोर्डको दैनिक प्रशासन सञ्चालन तथा कार्यसम्पादन गर्ने,

(ख) स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गराउने,

(ग) बजेट तथा कार्यक्रम कार्यान्वनयमा मितव्यीता, पारदर्शिता, जवाफदेहिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउने,

(घ) बोर्डबाट स्वीकृत सीमा र शीर्षक बाहिर गइ बजेट खर्च नगर्ने नगराउने।

(ङ) बोर्ड बैठकमा पेस गरिने प्रस्तावको सूची तयार गर्ने।

(च) बोर्डमा भएका निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने।

(छ) बोर्डबाट कार्यान्वनयको लागि स्वीकृत परियोजनाहरूको कार्यान्वनयको अनुगमन र मूल्याङ्कनको समीक्षा गर्ने।

(ज) उद्योगको नगदी, जिन्सी जायजेथा हानीनोक्सानी, हिनामिना, लापरवाही हुन नपाउने गरी सुरक्षित राख्ने र राख्न लगाउने।

(झ) बोर्डले तोकेका अन्य कार्यहरू गर्ने।

**२९. <u>कार्यकारी अधिकृतको पद रिक्त</u> :** (१) दफा १७ बमोजिम नियुक्त कार्यकारी अधिकृतको पद देहायको अवस्थामा रिक्त हुनेछ :

(क) कार्यकारी अधिकृतले प्रमुख प्रशासकीय अधिकृत समक्ष लिखित राजिनामा पेस गरी स्वीकृत गरेमा,

(ख) कार्यक्षमताको अभाव, खराव आचरण वा निजको कार्यसम्पादन नभइ बोर्डको सिफारिसमा नगरपालिकाले निजलाई हटाएमा रिक्त हुनेछ तर निजलाई त्यसरी हटाउनु अघि सफाइको मौका दिनुपर्नेछ।

(ग) निजको मगज बिग्रेमा,

(घ) ६० वर्ष उमेर पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा।

कोशी नगरपालिका

**३०. <u>अनुगमन तथा सहजीकरण समिति</u> :** (१) यस कार्यविधि सञ्चालन हुने उद्योग कार्यान्वयन तथा अनुगमन र सहजीकरणका लागि देहायबमोजिमको समिति रहनेछ ।

(क) नगर उपप्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) लेखा शाखा प्रमुख – सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

(ङ) आर्थिक विकास शाखा प्रमुख – सदस्य

(२) उपदफा १ बमोजिम गठित अनुगमन तथा सहजीकरण समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) उद्योगमा सञ्चालित उद्योगहरूको गुणस्तर परिमाण, समय र लागत अनुमानअनुसार काम, भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने ।

(ख) समितिले अनुगमन गरी  दुई महिनामा कम्तिमा एक पटक  प्रमुख प्रशासकीय अधिकृतमार्फत् कार्यपालिकामा प्रतिवेदन पेस गर्ने ।

(ग) उद्योग सञ्चालनका लागि आवश्यक परामर्श, सहजीकरण तथा समन्वय गर्ने गराउने ।

(घ) उद्योगमा उत्पादित वस्तुहरुको गुणस्तर जाँच गर्न समन्वयात्मक भूमिका खेल्ने,

(ङ) उद्योगमा सञ्चालित उद्योगहरूको अवस्था बारे आवश्यक सुझाव तथा निर्देशन दिने ।

**३१. <u>विशेषज्ञ सेवा लिन सक्ने</u> :** (१) उद्योग सञ्चालन कार्यविधि र प्रचलित कानुनबमोजिम सम्पादित गर्नुपर्ने कुनै काम उद्योग बोर्डको कार्यालयमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसकेमा कारण खुलाइ प्रचलित कानुनबमोजिम विशेषज्ञ सेवा लिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम विशेषज्ञ सेवा लिदा लाग्ने लागत अनुमानका आधारमा हुने खर्च उद्योग सञ्चालन कोषबाट गर्न सकिनेछ ।

**३२. <u>तलब र बैठक सम्बन्धी व्यवस्था</u> :** (१) उद्योग बोर्डको कार्यालयमा कार्यरत जनशक्तिको मासिक तलब भत्ता नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

(२) उद्योग बोर्ड सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बसे वापत्  बैठक भत्ता प्रदान गरिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रति महिना एक वटा भन्दा बढी बैठकको भत्ता उपलब्ध हुने छैन।

**३३. कार्यसम्पादन करार गर्नुपर्ने :** (१) प्रत्येक आर्थिक वर्षमा एकपटक कार्यकारी अधिकृतले प्रमुख प्रशासकीय अधिकृत समक्ष र कार्यकारी अधिकृतले आफ्नो मातहतका कर्मचारी समक्ष कार्यसम्पान करार गर्नुपर्नेछ।

(२) कार्यकारी अधिकृतले आफ्नो मातहतका कर्मचारीसँग गरेको कार्यसम्पादन करार सम्झौता र सोको मूल्याङ्कन गरी नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ।

(३) कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कन कार्यपालिकाको कार्यालयले गर्नेछ।

(४) कार्यसम्पादन मूल्याङ्कन गर्दा ८० अङ्क प्राप्त गर्न नसक्ने कर्मचारीलाई पदबाट हटाइनेछ।

(५) कार्यसम्पादन मूल्याङ्कनमा ९५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ।

**३४. बोनस पाउने** : (१) उद्योग बोर्डको कार्यालय र उद्योगमा कार्यरत कर्मचारी र मजदुरहरूले नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरी खुद बचत हुन गएको मुनाफाको १० प्रतिशतले हुन आउने रकमसम्म बोनस वितरण गर्न सकिनेछ।

(२) बोनस वितरण सम्बन्धी अधिकार बोर्डलाई हुनेछ।

**३५. विनियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले नगर कार्यपालिकाको स्वीकृति लिइ आवश्यक विनियमहरू बनाउन सक्नेछ।

**३६. दण्ड सजाय** : यस ऐन विपरीत काम गर्ने व्यक्ति वा निकायले कसुरको प्रकृति हेरी प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ।

**३७. संशोधन वा हेरफेर :** यस कार्यविधि नगर कार्यपालिकाले आवश्यकताबमोजिम संशोधन वा हेरफेर गर्न सक्नेछ।

**३८. बचाउ** : यो कार्यविधि लागू हुनुपूर्व यस कार्यविधिमा उल्लेखित भए गरेका कार्यहरू यसै कार्यविधिबमोजिम भएको मानिने छ।

**३९. खारेजी :** चौरजहारी नगरपालिकाको उद्योग सञ्चालन कार्यविधि, २०७७ खारेजी गरिएको छ।

चौरजहारी नगरपालिका

| | |
|---|---|
| | **आज्ञाले,**<br>नाम : शेरप्रसाद ढकाल<br>पद : नि. प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०७९/१०/ ११ |

घोराही नगरपालिका